# शहिद लखन गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम-२०८२

# प्रतिवेदन

सहजीकरण

सहमत मिडिया प्रालि

शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ, गोरखा

२०८२ बैशाख १० गते

# विषय सूची

१. विषय प्रवेश ..........................................................................................
२. सार्वजनिक सुनुवाइको उद्देश्य ..........................................................................
३. सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारी .................................................................
४. सार्वजनिक सुनुवाइ कार्यक्रम ..........................................................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................. ..................................................
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ .................................................
७. निष्कर्ष ..........................................................................................
८. अनुसूचिहरु ......................................................................................
अनुसूची १ : सार्वजनिक सुनुवाइ कार्यक्रमको सूचना..................................................
अनुसूची २ : सार्वजनिक सुनुवाइ कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता......................
अनुसूची ३ : नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत...................................................
अनुसूची ४ : सार्वजनिक सुनुवाइ कार्यक्रमको कार्यक्रम तालिका........................................
अनुसूची ५ : पालिकाको सेवा प्रवाह र विकास निर्माण................................................
अनुसूची ६ : सार्वजनिक सुनुवाइ कार्यक्रमका केही तस्वीरहरु.........................................
अनुसूची ७ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ..........................................
अनुसूची ८ : कार्यक्रमको उपस्थिति.....................................................................

## १. पृष्ठभुमी

सरकार जनताका सबै अपेक्षाहरु पूरा गर्ने महत्वपूर्ण अंग हो । सार्वजनिक सेवा प्रवाहको अवधारणाले जनताका सबै आवश्यकतालाई प्रभावकारी सेवा प्रवाहका संयन्त्रद्धारा पूरा गरिनु पर्दछ । सेवा प्रवाहको संरचनाले सेवा र उपभोक्ता बीचको दुरी कम गराउनु पर्दछ अर्थात सेवामा जनता वा उपभोक्ताको सहज पहुंच हुनु पर्दछ । सेवा प्राप्तिका प्रक्रिया र नियमहरु पारदर्शी हुनु पर्दछ । सेवा प्रवाहको निर्धारित संरचनाले सेवा प्रवाहमा जनतावाट प्राप्त सन्तुष्टि वा सेवा प्रवाहमा भित्रिएका उदीयमान अवधारणाहरुको सन्दर्भमा सेवा प्रवाह सुधार योजना कार्यान्वयन हुनु आवश्यक छ । सेवा प्रवाहको संयन्त्र जहिले पनि सेवाग्राही मैत्री हुनु आवश्यक हुन्छ ।

नयाँ संविधान २०७२ सालमा जारी भएपछि राज्य पुनः संरचना मार्फत तीन तहको सरकार सञ्चालनमा छन् । तर जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । स्थानीय सरकारका प्रतिफल जनताले प्रत्यक्ष अनुभूत गरेका हुन्छन् । धेरै संवैधानिक अधिकार र जिम्मेवारी पाएका यी सरकारहरूले सक्रिय, इमानदार, पारदर्शी, सक्षम र जवाफदेही भई कार्यसम्पादन गर्नु आवश्यक छ । स्थानीय सरकारले सहभागितामूलक लोकतन्त्र अवलम्बन गरी नियन्त्रण र सन्तुलनका आधारमा लोकतन्त्र सुदृढ गर्नेतर्फ ध्यान दिनु जरुरी छ । कानुनद्वारा शासन होइन, कानुनको शासन गर्नु सबैभन्दा महत्वपूर्ण हो । पारदर्शिता र जवाफदेहीता सुशासनका सर्वाधिक महत्वपूर्ण पाटा हुन् ।

प्राप्त स्रोतलाई विधिसम्मत, पारदर्शी, प्रतिफलदायी र दिगो विकास व्यवस्थापनमा खर्च गर्न सक्नुपर्छ । स्थानीय तहमा नियन्त्रण र जवाफदेही कमजोर भएमा सुशासनको जग नै खलबलिन्छ । तसर्थ स्थानीय सरकारहरूले सुशासनका अवयवहरूलाई संस्थागत गरी परिपालना गर्दै समयसापेक्ष शासकीय पद्धति सुधार गर्दै जानुपर्छ । राज्यको संरचना, राज्यशक्तिको बाँडफाँट अब जनतामा विकेन्द्रित भएको छ । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुशासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तब्योन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ । तथापी सरकारहरु जनताप्रति उत्तरदायी हुन नसकेका गुनासा अझै घटेको छैन । प्राथमिकताले नभई पहुँचले अवसर पाउने अवस्था कायम छ ।

यसर्थ, सरकारले गरेका विकास निर्माण र सेवा प्रवाहका विषयमा नागरिकको सन्तुष्टी मापन गर्नु र जनअपेक्षा अनुसार आफुलाई परिमार्जित गर्नु सरकारहरुको दायित्व हो । पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने प्रचलन रहेको छ । जनताको आवाज र जनगुनासोहरुको प्रत्यक्ष सम्बोधन गर्ने उद्देश्यले यो कार्यक्रम गरिन्छ । जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहनेगरी कार्यक्रमको परिकल्पना गरिएको हो । यसबाट आफ्ना कामबारे जनताले जाँच्छन् । संविधान जारी भएपछि जनप्रतिनिधिहरुको दोस्रो कार्यकाल तेस्रो वर्षमा चलिरहेको छ । तीनवटै सरकारले आफ्नो क्षेत्राधिकार भित्र रहेर काम गरिरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ (५) ले गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाह पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई लगायत कार्यक्रम सञ्चालन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले पनि सार्वजनिक सुनुवाई चौमासिक रुपमा गर्न निर्देशित गरेको छ । यस्तै, गण्डकी सरकारको सुशासन ऐन २०७६ र सामाजिक उत्तरदायित्व प्रबर्द्धन निर्देशिका २०७७ अनुसार सार्वजनिक सुनुवाईलाइ अनिवार्य गरिएको छ । अहिले आएर अधिकांश स्थानीय सरकारले सार्वजनिक सुनुवाइलाई प्रभावकारी रुपमै सञ्चालन गर्न थालेका छन् । फलस्वरुपः गोरखाको शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ २०८२ बैशाख १० गते वडा नम्बर १ को कार्यालय बक्राङमा सम्पन्न भएको छ ।

## २. सार्वजनिक सुनुवाइका उद्देश्य

- गाउँपालिका/नगरपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गरिने ।
- सञ्चालित कार्यक्रम तथा योजनाबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने ।
- सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गरिने ।
- जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई सेवा प्रवाहलाई गुणस्तरीय बनाइने ।
- पालिकाका कामबारे सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याइने ।
- समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गरिने तथा जिम्मेवार सरकार सञ्चालन गरिने ।

## ३. सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन, सहजीकरण र व्यवस्थापनको लागि सहमत मिडिया प्रालिलाई जिम्मेवारी दिइयो ।

ख) सार्वजनिक सुनुवाइ कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्न पालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी आवश्यक तयारी थालियो । कार्यक्रमको लागि शहिद लखन गाउँपालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो ।

ग) सार्वजनिक सुनुवाइ कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । रेडियो मार्फत पनि सूचना प्रवाह गरिएको थियो । (*प्रवाह भएको सूचना अनुसूची १ मा रहेको छ।*)

घ) सार्वजनिक सुनुवाइ कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो । (*आचार संहिता अनुसूची २ मा रहेको छ।*)

## ४. सार्वजनिक सुनुवाइ कार्यक्रम

पूर्व निर्धारित तालिका अनुसार २०८२ बैशाख १० गते विहान ११ बजे कार्यक्रम हुने भनिएपनि सहभागीहरु समयमा उपस्थित नभएका कारण मध्यान्न १२ बजेदेखि कार्यक्रम सुरु गरियो । कार्यक्रम करिव साढे ४ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै सुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष इन्दिरा तिवारीले स्वागत गर्नुभएको थियो भने वडा कार्यालयको सेवा प्रवाह कृष्णप्रसाद अर्याल र गाउँपालिका कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर ज्युले जानकारी गराउनुभएको थियो । (*दोस्रो चौमासिक प्रतिवेदन अनुसूची ५ मा रहेको छ)* कार्यक्रमका सहभागीहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सार्वजनिक सुनुवाइ आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराइयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहमत मिडियाका लोकेन्द्र मानन्धरले सार्वजनिक गर्नुभयो । (*बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन अनुसूची ३ मा रहेको छ ।* ) त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो । (*कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ ।* )

## ५. सार्वजनिक सुनुवाइका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरसँगै, वडाध्यक्ष र अन्य जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानाध्यापक र शिक्षकहरु, विभिन्न समूह वा सन्जाल, क्लव, महिला समूहका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु, प्रहरी लगायतको उपस्थिति थियो । *(सहभागीहरुको उपस्थिति अनुसूची १ र तस्विर अनुसूची ६ मा रहेको छ ।)*

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

कार्यक्रमको खुला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडाध्यक्ष र शाखा प्रमुखहरुले जवाफ दिनुभयो । कार्यक्रममा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले पनि आफ्ना धारणा राख्नुभएको थियो । *(खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ७ मा रहेको छ ।)*

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा प्रश्न तथा गुनासा र सुझावहरु आएका छन् । कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाइ गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । शहिद लखन गाउँपालिकाले लामो समयदेखि चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै सुनुवाईबाट प्राप्त सुझावलाई ग्रहण गरी आवश्यक सम्बोधन नगरेको होइन । यद्यपी प्रश्न भने निरन्तर आइरहेका छन् । पालिकाले ठाउँ फेरेर घुम्ती रुपमा कार्यक्रम आयोजना गरेका कारण सबै ठाउँका नागरिकहरुले निर्धक्कसँग आफ्ना विषय राख्न पाएका छन् । अहिलेको कार्यक्रमबाट प्राप्त सुझाव तथा प्रश्नहरु अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने हाम्रो विश्वास छ ।

पालिका र वडा सरकारको जनसेवा पहिलेभन्दा प्रभावकारी भएको छ । जिल्ला सदरमुकाम पुगेर लिँदै आएका काम अहिले पालिका र वडा तहबाटै सम्पादन भैरहेका छन् । जसका कारण संघीयताप्रति नागरिकको विश्वास बढ्दै गएको अनुभुति भएको छ । यसमा पनि थप सुधारहरु आवश्यक छन् । पालिका तुलनात्मक रुपमा सुगम भएपनि वडाबाट नियमित सवारी साधनको व्यवस्था नहुँदा कार्यालयमा पुगेर सेवा लिन असुविधा भएको छ । विकास निर्माणका कामहरुमा अनुगमन कम भएको तथा मर्मत सम्भारमा खासै चासो नदिइएका प्रश्न नागरिकले गरेका छन् ।

नागरिकका प्रश्नमा गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आशा गरेका छौं । समग्रमा कार्यक्रम निकै फलदायी रुपमा सम्पन्न भएको छ । पालिकाको योजना कार्यान्वयनदेखि सेवा प्रवाहसमेतमा प्रश्नहरु उठेका छन् । खासगरी स्थानीय करार कर्मचारीको विदा देखि स्वास्थ्य र शिक्षाको भद्रगोल अवस्थाबारे धेरैले प्रश्न राखेका छन् । बसाइसराईंको समस्याले धेरैलाई चिन्तित बनाएको छ । आगामी दिनमा यस्ता समस्या सुधार हुने नै छ । गाउँपालिका र वडाको तर्फबाट सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो । *(सार्वजनिक सुनुवाइ कार्यक्रमबारे प्रकाशित समाचार अनुसूची ८ मा रहेको छ ।)*

## ८. अनुसूचीहरु

### अनुसूची १

**सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना**

यस शहिद लखन गाउँपालिकाको आयोजनामा चालू आव २०८१।०८२ को दोस्रो चौमासिक सम्म पालिकाले सम्पादन गरेका कार्यहरुको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपशीलको मिति, समय र स्थानमा हुने भएकोले यस गाउँपालिका भित्रका जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दल, पत्रकार, नागरिक समाज, शिक्षक, संघ संस्थाहरु, कर्मचारीहरु, विभिन्न समिति, उपसमिति तथा उपभोक्ता समिति लगायतका सरोकारवालाहरु सबैमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

मितिः २०८२ बैशाख १० गते बुधबार

समयः विहान ११ बजे

स्थानः वडा कार्यालय भवन, वडा नम्बर १ बक्राङ

### अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।

४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।

१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

# अनुसूची ३

## नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत

### नागरिक प्रतिवेदन (Citizen Report Card)

**शहिद लखन गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक ५० जना।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ५२ प्रतिशत | ४६ प्रतिशत | २ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ८४ प्रतिशत | १४ प्रतिशत | २ प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ७० प्रतिशत | ० प्रतिशत | ३० प्रतिशत |

**कुनै कुनै स्कुलमा पाठ्यपुस्तकको पैसा नलिएपनि मासिक शुल्क लिने गरेको गुनासो छ**

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| ४० प्रतिशत | ४६ प्रतिशत | १४ प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| छ | छैन | अलिअलि थाहा छ। |
|---|---|---|
| ३२ प्रतिशत | ४२ प्रतिशत | २६ प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| ८० प्रतिशत | २० प्रतिशत | ० प्रतिशत |

**कहिलेकाहीँ जनप्रतिनिधिहरु नभेटेर चाहिँ दुख पाइन्छ।**

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?**

| १ पटक | २ पटक | सो भन्दा बढी |
|---|---|---|
| ७० प्रतिशत | २२ प्रतिशत | ८ प्रतिशत |

**कामको अवस्था अनुसार फरक हुन्छ। प्रायः काम एकै पटकमा सकिन्छ।**

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| ८४ प्रतिशत | १४ प्रतिशत | २ प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|
| २० प्रतिशत | २० प्रतिशत | ६० प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
|---|---|---|
| ६६ प्रतिशत | ३० प्रतिशत | ४ प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**कतैकतै व्यवसायीले कर तिरेका छैनन्, अनुगमन गर्नुपर्‍यो ।**

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ४२ प्रतिशत | ५६ प्रतिशत | २ प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| ५६ प्रतिशत | ४० प्रतिशत | ४ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| ४४ प्रतिशत | ४६ प्रतिशत | १० प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ६ प्रतिशत | ९६ प्रतिशत | ० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ९० प्रतिशत | १० प्रतिशत | ० प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ७६ प्रतिशत | १४ प्रतिशत | १० प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| ३८ प्रतिशत | ४४ प्रतिशत | १८ प्रतिशत |

## बहिर्गमन अभिमत (Exit Poll)

शहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५० जना ।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ३४ प्रतिशत |
| दर्ता नवीकरण | १६ प्रतिशत |
| योजनाको सम्झौता गर्न | २ प्रतिशत |
| भुक्तानी लिन | २४ प्रतिशत |
| कार्यालयले बोलाएर आएको | ४ प्रतिशत |
| सूचनामुलक सामग्री प्राप्त गर्न | ८ प्रतिशत |
| अन्य कुनै भए | १२ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| | | |
|---|---|---|
| अति स्पष्ट | ठीकै | अस्पष्ट |
| ४० प्रतिशत | ६० प्रतिशत | ० प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति धेरै | ठीकै | थोरै |
| ६६ प्रतिशत | ३२ प्रतिशत | २ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| | | |
|---|---|---|
| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| ८८ प्रतिशत | १२ प्रतिशत | ० प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| | | |
|---|---|---|
| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ५६ प्रतिशत | ४० प्रतिशत | ४ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| | | |
|---|---|---|
| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| ७२ प्रतिशत | २८ प्रतिशत | ० प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
| २२ प्रतिशत | ५२ प्रतिशत | २६ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. सार्वजनिक सुनुवाइमा धेरै पटक भनेपछि साना योजनाको सम्झौता वडामै गर्न थालिएको छ, पालिका धाउनुपरेको छैन । भुक्तानी र बैंक खाता खोल्न पनि वडा र पालिकाले सहजीकरण गरेको छ ।

२. वडावडामा समवेदना गाउँपालिका कार्यक्रम भनेर दुखमा परेका परिवारलाई भेट्न जनप्रतिनिधि पुग्छन्, हामीले अभिभावक पाएको महशुस गरेका छौं ।

३. पालिकाले सीपमुलक तालिमहरु दिइरहेको छ । (तर तालिमको उपयोग तालिम लिनेले गर्न सकेका छैनन्)

४. गाउँपालिकाले कनेक्टिभिटीलाई प्राथमिकता दिएको छ । आफ्नै खर्चमा बाटो पीच गरेर उदाहरण देखाएको छ ।

५. जनप्रतिनिधि र कर्मचारी जनतामैत्री छन् । दुख दिने नियत छैन ।

६. योजनामा अनुगमन बढेको छ । पहिलेभन्दा गुणस्तरीय काम भैरहेका छन् ।

७. किसानको मर्का बुझेर पालिकाले माटो परीक्षण गरिदिएकोमा खुसी लाग्यो ।

८. ठाउँठाउँमा विभिन्न रोगका विरामी लक्षित गरेर स्वास्थ्य शिविर गर्दा धेरै खर्च गरेर ठूला अस्पताल जानुपर्ने बाध्यता हटेको छ । तर त्यस्ता शिविरको रिपोर्ट चाहिँ समयमा नपाउँदा समस्या भयो ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. खानेपानीका क्रमागत योजनाहरु अलपत्र छन् । पालिका र प्रदेश सरकारमा धेरै पटक भनिसक्यौं, हामीले पानी पिउन पाएको छैन, योजना कता गायव भयो ? वडा नम्बर ६ दार्चेमा बनाउने भनिएको ५० लाखको खानेपानी आयोजना अन्तै गयो भन्ने सुनिएको छ । वास्तविकता के हो ?

२. अघिल्लो बर्खामा ढुंगागाडेदेखि घैरुङसम्मको पीच सडक पहिरोले क्षतविक्षत बनायो । अहिलेसम्म पनि मर्मत सम्भार भएको छैन । फेरि बर्खा लाग्ने बेला भयो, झन् धेरै क्षति हुनेवाला छ । पालिकाले पहल किन गरेन ?

३. सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रदेश सरकारका प्रतिनिधि पनि बोलाउनुपर्‍यो । प्रदेशका योजनाहरुमा धेरै गुनासो छन्, कसलाई सुनाउने ?

४. अघिल्लो सार्वजनिक सुनुवाइमा एक पालिका एक उद्योग ग्राम अघि नबढेको विषयमा प्रश्न उठाएको थिएँ । जग्गा प्राप्तिबारे अध्यक्षज्यूले जवाफ पनि दिनुभएको थियो । त्यो योजना निरन्तर छ कि खारेज भैसक्यो ? निरन्तर छ भने पूर्णता दिन के योजना बनाइएको छ ?

५. अघिल्लो वर्ष गण्डकी प्रदेश सरकारको नवप्रबर्द्धन कार्यक्रम अन्तर्गत शहिद लखन गाउँपालिकामा कृषि सम्बन्धी योजना सिफारिस गरेको र त्यो काम गर्न नसकेपछि पैसा फिर्ता गएको भन्ने सुनिएको छ । वास्तविकता के हो ? काम किन हुन सकेन ?

६. गाउँपालिकाबाट अपांगता भएका व्यक्तिहरुको पुनः अध्यावधिक कार्यक्रम सुरु गर्नुपर्‍यो । कतिपय कम अपांगता भएका व्यक्तिहरुले पनि धेरै सुविधा लिइरहेका छन् ।

७. हाम्रो पालिकामा भूमिहीन दलित सुकुम्बासीहरुलाई लालपुर्जा वितरण कहिले हुन्छ ? सँधै पदाधिकारी फेरिने, सुकुम्बासीले जग्गा नपाउने अवस्थाको अन्त्य हुन्छ कि हुँदैन ?

८. निर्माण व्यवसायीले काम गर्दा स्थानीय सामग्री प्रयोग गर्न पाउने देखेर कम मुल्यमा टेण्डर हालिन्छ । यो वर्ष मलेपले निर्माण सामग्रीको स्थानीय कर तिर्नुपर्ने लेखिदिएछ । प्रकृया अनुसार कर तिरेरै व्यवसाय गर्दै आएका छौं, स्थानीय कर पनि तिर्नुपर्दा हामीले व्यवसाय गर्न नसक्ने भैयो, पालिकाले समन्वय गरिदिनुपर्‍यो ।

९. शहिद लखन गाउँपालिकाले विगतमा विपदबाट ठूलै क्षति व्यहोर्‍यो । यो वर्ष पनि बर्खाको सिजन सुरु हुँदैछ । विपद्को पुर्व तयारी के छ ?

१०. प्रदेश सरकार अन्तर्गतका कार्यालय प्रमुखहरुले आफै योजना दिएर ठेक्काको काम गर्दै आएका छन् । पालिकाले माथिल्लो सरकारलाई रिपोर्टिङ गरिदिनुपर्‍यो । झण्डै ८० प्रतिशत बजेट कार्यालय प्रमुखकै नजिकका ठेकेदारले काम गर्छन् र कमिसनको खेल हुन्छ । उपभोक्ता समितिलाई ढिलासुस्ती गरेर साना योजनामा पनि उनीहरुले ठेकेदार पठाइदिन्छन् । यो राम्रो भएन ।

११. प्रदेश कार्यालयहरुले सुरुमा १५-२० लाखको योजना छनोट गर्ने अनि आफ्ना नजिकका ठेकेदार लगाएर करोडको काम गराएका छन् । पछि अन्य योजनाबाट रकमान्तर गरेर ठेकेदारलाई भुक्तानी दिन्छन् । यो प्रणाली तुरुन्तै रोक्नुपर्‍यो

१२. हाम्रो पालिकामा पनि योजना छनोट गर्दा राजनीतिक प्रभाव छ । दलगत आस्थाका आधारमा योजना छनोट र बजेट विनियोजन गर्नु गलत हो, आवश्यक्ताका आधारमा विनियोजन होस् ।

१३. पालिकाभित्र संघ र प्रदेशबाट परेका योजना समितिबाट गरेको काम समयमै सम्पन्न भएका छन् । ठेक्का प्रक्रियाबाट गरेका साना योजना पनि अलपत्र छन् । कारण के हो ?

१४. पालिकाले युवा रोजगारीको कुरा गर्छ । तर युवा लक्षित हस्तक्षेपकारी योजना अहिलेसम्म किन बनाउन सकेन ? २-४ लाखको भलिवल प्रतियोगिता गरेर युवा लक्षित कार्यक्रम भन्दा लाजमर्दो भयो । आय आर्जनमा जोडिने काम गर्नुपर्‍यो ।

१५. पालिकामा भएका सरकारी सवारी साधनको दुरुपयोग भएको छ । अफिस समय भन्दा अन्य समयमा व्यक्तिगत प्रयोजनमा गाडी र बाइकहरु प्रयोग गरिएको छ । अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले अनुगमन गर्नुपर्‍यो ।

१६. स्वास्थ्यका कर्मचारीहरु घाउ सफा गरेको फोटो हालेर सेवा नै धर्म हो भन्दै सामाजिक सञ्जालमा पोष्ट गर्छन् । जागिर नै घाउ सफा गर्ने खाएपछि त्यस्तो पोष्ट गर्न किन पर्‍यो ?

१७. पालिकामा बर्सेनि आएको बजेट सक्ने भन्दा पनि तल्लो तहका नागरिकले महशुस गर्ने योजनामा बजेट विनियोजन गर्ने परिपाटीको विकास हुनुपर्‍यो । वडागत प्रतिश्पर्धा भन्दा समन्यायिक वितरण गरिनुपर्‍यो । वडाहरुले पहुँचका आधारमा बजेट लैजाने परिपाटीको अन्त्य होस् ।

१८. पालिकाबाट जतिपनि योजनाहरु छनोट र बजेट विनियोजन भएको छ, त्यस्ता योजना कार्यान्वयनको चरणमा श्रमदान नामको मात्रै भयो । श्रमदान गर्ने भावनाको जागृत गराउनुपर्‍यो । योजनाहरुमा उपभोक्ताको अपनत्व भएन ।

१९. मनकामना मन्दिरलाई पालिकाले प्रमुख आयस्रोत बनाउन सकेन । बोका, फूल, तरकारी, होमस्टे, हस्तकला जस्ता काममा जोड दिएर आम्दानी गर्ने अवस्थाको सिर्जना होस् ।
२०. मनकामनामा दिनदिनै उपभोक्ता र भक्तालुहरु ठगिएका छन् । होटल र रेष्टुरेण्टको मनपरी मुल्य छ । पालिकाले अनुगमन गरेर मुल्य निर्धारण गरिदिनुपर्‍यो ।
२१. मनकामनामा बनाउने भनेको ल्याण्डफिल साइट फेरि विवादित भएको छ । स्थानीयको अवरोधले रकम फिर्ता जाने अवस्था आयो भन्ने सुनिन्छ । भएको के हो ? सार्वजनिक गरियोस् ।
२२. पालिकाले कृषिलाई प्राथमिकताका साथ नीति तथा कार्यक्रम र भाषणहरुमा भनिरहेको सुनिन्छ । तर बजेट बनाउँदा कृषि मैत्री किन बनाउन सकेको छैन ?
२३. लुदीखोलाको भट्टफाँटमा पुल निर्माणको डीपीआर तयार भैसकेको लामो समय भयो । पुल किन निर्माण भएन ?
२४. अरु वडाहरुमा निरन्तर पीच भैरहेको छ, वडा नम्बर १ लाई उपेक्षा गरियो । आगामी बजेटमा पीच गर्ने गरी योजना समेटियोस् ।
२५. वडा सदस्यहरुको जिम्मेवारी के हो ? अधिकांश सदस्यहरु वडामा उपस्थित नै नभइ सेवा सुविधा लिइरहेका छन् । पालिकाबाटै कार्य जिम्मेवारी तोकिदिनुपर्‍यो ।
२६. सहायक र वडा सचिवबीच समन्वय छैन । कर्मचारी र जनप्रतिनिधि बीच पनि सुमधुर सम्बन्ध छैन । सहायक कर्मचारीबाट सेवाग्राहीले सहज सेवा पाएका छैनन् ।
२७. करार कर्मचारी मनलाग्दी विदा बस्छन् । तोकिएको भन्दा बढी विदा बस्दा तलव कटौती गर्ने व्यवस्था छ, काटिएको छ कि छैन ?
२८. बक्राङको सिकाइ केन्द्रको अधिवेसन कहिले हुन्छ ? वर्षौंदेखि एउटै व्यक्तिको कब्जामा छ । कर्मचारी नियमित कार्यालय आउने वातावरण बनाइदिनुपर्‍यो । सिकाइ केन्द्र सक्रिय नहुँदा काम नै भएको छैन, बजेट कसरी कार्यान्वयन भएको छ ?
२९. सामुदायिक विद्यालयहरुमा विद्यार्थी भन्दा शिक्षक धेरै छन् । मर्ज गर्ने कार्यक्रम बनाउनुपर्‍यो । शिक्षक दरबन्दी मिलान पनि पारदर्शी हुन सकेन ।
३०. शहिद लखन ६ राटेचोक देखि गैरीछाप हुँदै तीनमाने जोड्ने सडक कहिले स्तरोन्नती हुन्छ ? जहिले योजना मागेपनि पैसा पर्दैन किन हो ?
३१. पालिकाले कला र साहित्यलाई प्राथमिकता दिएकोमा खुसी लाग्यो । खेल क्षेत्र पनि प्राथमिकतामै देखिन्छ । तर खेल पूर्वाधार विना पुरस्कार राशी मात्रै बढाएर खेलको विकास हुन सक्दैन । आगामी वर्षको कार्यक्रममा विचार गरियोस् ।

## अनुसूची ४

### शहिद लखन गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८२

### कार्यक्रम तालिका

| | | | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेशबाबु थापा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरुः**<br>प्रेम गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>सकुन थापा-अध्यक्ष, वडा नम्बर २<br>दीपक पाण्डे-अध्यक्ष, वडा नम्बर ३<br>यमबहादुर थापा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना मगर-अध्यक्ष, वडा नम्बर ५<br>दिलिपनारायण थापा-अध्यक्ष, वडा नम्बर ६<br>शरण श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ७<br>बासुदेव ढकाल-अध्यक्ष, वडा नम्बर ८<br>रामकुमार श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ९<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु |

| | | | |
|---|---|---|---|
| | | | **जवाफदेही**<br>सन्तोष लामिछाने-प्रमुख, लेखा शाखा<br>राजन रानाभाट-प्रमुख, पूर्वाधार शाखा<br>राजेन्द्र खनाल-प्रमुख, शिक्षा शाखा<br>वीरेन्द्र श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा<br>डा. विवेक पुडासैनी-प्रमुख, पशु सेवा शाखा<br>नविन अधिकारी-प्रमुख, कृषि विकास शाखा<br>यामबहादुर बृकट्टा-प्रमुख, प्रशासन शाखा<br>पूर्णबहादुर गहतराज-प्रमुख, सामाजिक, जिन्सी<br>सानुकाजी बस्नेत-प्रमुख, योजना, अनुगमन, तथ्यांक<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | वडा सचिव १, कृष्ण प्रसाद अर्याल<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | रमेशबाबु थापा, अध्यक्ष, इन्दिरा तिवारी, उपाध्यक्ष<br>बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु<br>शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>रमेशबाबु थापा, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |

## अनुसूची ५

## पालिकाको सेवा प्रवाह र विकास निर्माण
## आब २०८१।०८२ को दोस्रो चौमासिक बजेट खर्च

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | आन्तरिक आम्दानी | १ करोड १२ लाख |
| २. | संघ सरकारबाट प्राप्त आम्दानी | ३३ करोड ६९ लाख |
| ३. | प्रदेश सरकारबाट प्राप्त आम्दानी | २ करोड ३ लाख |
| ४. | राजश्व बाँडफाँट | ६ करोड ५४ लाख |
| ५. | गत वर्षको बैंक मौज्दात | ३ करोड ६६ लाख |
| **जम्मा** | | **४७ करोड २८ लाख** |

## दोस्रो चौमासिक खर्च प्रतिशत

| शीर्षक | प्रतिशत |
|---|---|
| चालू खर्च | ५३.६८ |
| पूँजीगत खर्च | ३८.४७ |
| जम्मा | ४९.९६ |

## घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको अवस्था

| क्र.सं. | विवरण | संख्या | सामाजिक सुरक्षा | संख्या | रकम |
|---|---|---|---|---|---|
| १. | जन्मदर्ता | ३८६ | ज्येष्ठ नागरिक | ३१६४ | ३,७६,८७,५४१ |
| २. | मृत्युदर्ता | २०३ | ज्येष्ठ ना. (दलित) | २१६ | १६,९८,२०८ |
| ३. | सम्बन्ध विच्छेद | ३३ | ज्येष्ठ एकल महिला | २५५ | २०,३२,६६९ |
| ४. | विवाह दर्ता | २३४ | विधवा | ४९६ | ३९,०१,७७७ |
| ५. | बसाईंसराई (आउने) | ५ | पूर्ण अपांग, अशक्त | ३१८ | २६,४५,१०४ |
| ६. | बसाईंसराईं (जाने) | ३५९ | दलित बालबालिका | ३०० | ४,६२,४४८ |
| **जम्मा** | | ९२० | | ४७४९ | ४,८४,२७,७४७ |

## वडागत योजना कार्यान्वयन

| विवरण | संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ |
| कुल योजना | २९ | १९ | २० | १८ | १४ | २३ | १२ | २१ | १७ |
| उपभोक्ता समिति गठन | २९ | - | २० | ९ | १४ | २३ | १२ | २१ | १५ |
| सम्पन्न भएका योजना | १२ | ५ | ८ | ७ | १४ | ७ | १२ | २१ | ८ |
| भुक्तानी भएका योजना | ६ | ५ | ८ | ७ | १४ | ६ | १२ | २१ | ८ |

# अनुसूची ६

## सार्वजनिक सुनुवाइ कार्यक्रमका तस्विरहरु









































सार्वजनिक सुनुवाइ
कार्यक्रम २०८२

## अनुसूची ७

**कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ**


| क्र.सं | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | ऋषिराम अर्याल | ➢ वडामा एउटै व्यक्ति धेरैतिर जिम्मेवार पदमा छन् । कतैपनि काम भएन । एक व्यक्ति एक पद कायम गर्नुपर्‍यो । | ➢ टोल र गाउँ तहमै समिति बन्ने बेला तपाईंहरुले नै यो नीति कार्यान्वयन गर्नुपर्छ । पालिकाले नियम बनाउने कुरा होइन । |
| २. | टोप ब. आले | ➢ कुसुण्डे टोलमा पछिल्लो ३ वर्ष एक रुपैयाँ पनि बजेट परेन । कसैको नजर नगएको हो कि के हो ? बजेट आयो कि आएन पनि थाहा हुँदैन ।<br>➢ दशैंको बाटो सफा गर्दा छिटोछिटो भने । बन्नुपर्ने ठाउँमा बाटो बनेन, एउटा पनि गाडी नजाने ठाउँमा बजेट खर्च भयो । बजेट दुरुपयोग भयो ।<br>➢ वडास्तरीय बाटोको क्वालिटी भएन । प्रदेशबाट पनि बजेट परेको छ । बजेट अनुसार चित्तबुझ्दो काम भएको छैन । अलि अनुगमन गर्नुपर्‍यो ।<br>➢ साना योजनामा पनि ठेक्का प्रक्रियामा लैजाँदा विकास निर्माण खत्तम भयो । उपभोक्ता समितिबाट काम गरौं । | ➢ राजनीतिक दललाई राखेर योजना तर्जुमा गरेको हो । महिला भवनको लागि पैसा दिएको हो, अन्तैबाट गर्छौं भनेपछि रोकियो । नदिने मनसाय होइन ।<br>➢ समग्र बक्राङलाई ३ लाख बजेट थियो । टोल संयोजकलाई समितिमा राख्यौं, अवरोध भएको ठाउँ खोलियो । वडा समितिले निर्देशन दिएको छैन ।<br>➢ वडा प्राविधिक र सचिवले बारम्बार अनुगमन गरेको छ । गलत भएको ठाउँमा निर्देशन पनि दिएका छौं । केही सुधार भएको देखिन्छ ।<br>➢ उपभोक्ताले काम गर्न जाँगर देखाउनुपर्‍यो । ठेकेदारलाई नै काम दिन समितिसँग सम्झौता किन गर्ने ? |
| ३. | डिल्लीकुमार न्यौपाने | ➢ पालिकाको हाटबजारमा मैले सबैतिरबाट तरकारी जम्मा गरेर पुर्‍याएँ । काँक्रो कुहिएर गयो । व्यापार डामाडोल भयो । अहिले हाटबजार नै अलपत्र छ । पालिकासँग सहयोग मागें, पाइएन । अहिले कतार जान बाध्य छु । कृषि उत्पादनमा पालिकाको प्राथमिकता पुगेन । | ➢ तपाईंको समस्या कोरोनाकालमा हो । हामीले उत्पादनमा आधारित अनुदान दिएका छौं । हाटबजारलाई व्यवस्थित गर्न समिति नयाँ बनाएका छौं । कृषि सहकारी ले काम गर्नुपर्‍यो । रासायनिक मल नाफा खाएर बेच्ने हो ? यातायात ढुवानीमा अनुदान दिएका छौं । काम गर्नुस् । |
| ४. | रामबहादुर भुजेल | ➢ चौरबासी ७ घर खानेपानीको लागि लडाइँ गर्नुपर्छ । ३०-३५ वर्ष पहिला पानी लगिएको रहेछ । हामी लागत तिरेर पानी खान्छौं भन्दा पनि दिइएन । गाउँमै मिल्नुपर्ने कुरा हो, वडामा आउँदा पनि धारा दिइएन । | ➢ यो समस्या गाउँले भेलाबाटै समाधान गर्नुपर्छ । छिटै गाउँले भेला राखेर सहमतिमै पानी पिउने व्यवस्था मिलाउछौं । वडाले पनि पहल गरेको हो । केही समस्याहरु देखाएर रोक्नुभयो । |
| ५. | कुन्तीमाया खनाल | ➢ विपन्न वर्ग भन्छन् । निवेदन माग्छन् । जस्तालाई पनि पैसा दिएका छन् । भुकम्पको घर बनाउँदा काठमाडौं र नारायणगढमा घर भएकालाई अनुदान दिए, | ➢ गुनासो अहिले पनि छ । तपाईंको कुरा जायज हो । के भएको रहेछ हामी अनुगमन गरेर सक्दो समाधानको पहल गर्छौं । विपन्नको सुविधा विपन्न भनेर सूचीकृत |

| | | | |
|---|---|---|---|
| | | चावी लगाएर राखेका छन् । मेरो घर नै छैन, मैले अनुदान पाइनँ । | भएकाले नै पाउने हो । सम्पत्ति भएकाहरु विपन्न हुँदैनन् । |
| ६. | रत्नबहादुर आले | ➢ सानो दिप्लिङमा करोडको खानेपानी योजना कार्यान्वयन भैरहेको छ । अनुगमन अहिलेसम्म किन भएन ?<br>➢ सानो दिप्लिङले चालू वर्षको योजनाबाट खानेपानी दिएको थियो । धारामा पानी झरेन । हामीले पानी दिएको छ, बक्राङीले पानी पाउन सकेनन् ।<br>➢ बक्राङको योजना कार्यान्वयन किन ढिलासुस्ती हुन्छ ? अहिले पनि दोस्रो चौमासिक सकिँदासम्म १७ वटा योजना कार्यान्वयनको क्रममा रहेको भन्नुभयो । यसरी ढिलासुस्ती किन भैरहेको छ ? | ➢ अनुगमन पटक पटक भएको छ । अनुगमनपछि सुझाव दिएर केही संशोधन पनि गरिएको छ ।<br>➢ मुहानबाटै कम पानी आएको हो । अहिले पनि वडामा पानी छैन । चैत बैशाखमा कम पानी आउँछ । दुख पाइएको छ । आगामी वर्ष के गर्ने भनेर सोंचिरहेका छौं<br>➢ योजना कार्यान्वयन छिटो गर्न वडाले पनि पहल गर्नुपर्‍यो । समयमा ताकेता गर्ने र सम्झौता तथा अनुगमन र सुपरीवेक्षण गर्नुपर्‍यो । सँधै पालिकाबाट आएर मात्रै काम हुँदैन । |
| ७. | टोप बहादुर अर्याल | ➢ बर्खामा लुंदीखोलाले खेत सखाप बनायो । वडामा कुरा गर्दा निवेदन दिनुस् भन्नुभयो तर क्षतिपुर्ति पाइएन । कहिले आउँछ ?<br>➢ लिची खेती गरेको छु, पम्प किन्न निवेदन दिएँ पैसा छैन भनेर दिनुभएन । लिची सखाप भयो, क्षतिपुर्ति माग गर्दा पाइएन ।<br>➢ कृषि र मान्छेको पनि औषधी लिन जाँदा टेण्डर हुँदैछ भनेर फर्काउँछन् । टेण्डर नहुँदासम्म के खाने ?<br>➢ भुकम्पपछि मुल सुकेर मैदान टोलमा खानेपानीको हाहाकार छ । पालिका र वडाले ध्यान दिनुपर्‍यो । | ➢ क्षतिपुर्ति होइन राहत दिने हो । कसरी छुट्यो थाहा भएन । अब बुझौंला ।<br>➢ पम्प वडासँग छैन । भएको भए दिन हुन्थ्यो । कृषि शाखाको ध्यानाकर्षण गराउछौं । पालिकाबाट आयो भने दिन सक्छौं ।<br>➢ औषधी नभए समयमा खबर गर्नुस् । तर निशुल्क भनेर तोकिएका औषधी उपभोक्ताले पाउनुपर्छ । यो स्वास्थ्यकर्मीले अलि बढी चासोका साथ गर्नुपर्छ ।<br>➢ साविक वडा ७ मा पानी ल्याउन सानो दिप्लिङमा पनि आग्रह गरिएको छ । थप छलफल गरेर टुंग्याउँछौं । |
| ८. | शिबबहादुर रोका | ➢ सबैले योजना माग गरेका छन् । तर हाम्रो जनसंख्या नै सकिने भयो । मान्छे नै नभएपछि केका लागि बजेट बाँड्ने होला ? बसाइसराईं रोक्ने प्रक्रिया मिलाइदिनुपर्‍यो ।<br>➢ सरकारी स्कुलमा पनि बोर्डिङको जस्तै पढाइ हुनुपर्‍यो । शिक्षकहरु ३६५ दिनमा ७५ दिन मात्रै हाजिर हुन्छन् । दैनिक हाजिरीमा ज्याला दिए हुने भैसक्यो । ३ कक्षा पढ्ने विद्यार्थी एविसी पनि पढ्न जान्दैनन् ।<br>➢ स्वास्थ्यचौकीमा एम्बुलेन्स चाहियो । रातमा विरामी हुँदा अस्पताल पुग्न सकिँदैन । स्वास्थ्यचौकीमा सँधै सोधेर औषधी दिन्छन् | ➢ बसाइसराईं हाम्रो पालिकाको मात्रै समस्या होइन । चिन्ता लाग्नु स्वभाविक हो । तर जनता पनि सचेत हुनुपर्छ । पालिकाले स्रोत अनुसार सक्दो प्रयास गरेकै छ ।<br>➢ प्रयास नगरेको होइन । गरिरहेका छौं । विभिन्न उपाय अपनाएर बोर्डिङले भन्दा राम्रो शिक्षा दिने थलो सरकारी स्कुललाई बनाउन लागेका छौं ।<br>➢ भएको औषधी दिने हो । गुनासो नआउने गरी उपलब्ध गराउनुस् । छैन भने स्टक सकिनुअघि नै औषधी पालिकासँग माग |

| | | | |
|---|---|---|---|
| | | । कहिलै जँचाउँदैनन् । हेरेर रोग निको हुन्छ ? उपकरण छ, किन जँचाइएन ?<br>➢ तोकिएको ठाउँ चाहिएको छैन । बक्राङभरी घरबाट पीच रोड जोड्ने सडक स्तरोन्नती गर्नुपऱ्यो । वडामा योजना तर्जुमा भनेर आयौं, हामीले सुन्न पाएनौं । जनताले योजना सुन्न पाइँदैन ?<br>➢ बजेट कसैलाई ५० हजार, कसैलाई १० हजार छुट्याउँछन् । पालिकाभरीलाई लाखौं, करोडौंको योजना दिन मिल्दैन ? गौरवको योजना बनाउनुपऱ्यो । | गर्नुस् । तपाईंका आचरणबारे प्रश्न आएको छ, सुधार गर्नुस् ।<br>➢ हामीलाई पनि लागेको छ, अन्यत्र भन्दा बक्राङको विकास अलि ढिलो भएको छ । तर हुँदै नभएको होइन । स्थानीय उपभोक्तामा पनि जागरुकता आउनुपऱ्यो । बजेट पालिकाले दिन्छ तर काम गर्ने तपाईं हामीले नै हो ।<br>➢ सुझाव राम्रो हो । तर योजना माग गर्ने बेलामा साह्रै साना र टुक्रे योजना माग हुन्छन् । हामीलाई पनि देखिने गरी ठूला आयोजनामा काम गर्ने मन छ, पैसा भएन |
| ९. | विष्णुमाया श्रेष्ठ | ➢ मनकामनाको बाटो डीपीआर पनि भएको हो । सँधै पछाडि परेको छ । अहिले चाहिँ केही हुन्छ कि जस्तो छ । बर्सेनि प्रदेश र संघमा कुरा राखेर सम्पन्न गरियोस् ।<br>➢ ४ किलोमा पुल परेको भन्ने सुनिन्थ्यो । हो कि होइन ? स्पष्ट पारियोस् ।<br>➢ कृषिलाई भनेर सेवा दिने भनेको छ । कर चर्को भयो । उत्पादन छैन, कर तिर्न सकिएन । | ➢ तीनतिरबाट बाटो लैजान खोज्दा कतैको पनि स्तरोन्नती राम्रो भएन । अब एउटा बाटोलाई प्राथमिकता दिएर पहिला सक्नुपऱ्यो । त्यसपछि अरु बाटोमा काम गर्ने हो । साथ दिनुस् ।<br>➢ कृषिमा अहिलेसम्म कर लिएको छैन । प्राथमिकता कृषिमै दिएका छौं । उत्पादनमा आधारित अनुदान छ, संकलन केन्द्र छ, बजारसम्म लैजान अनुदान छ । |
| १०. | भीमबहादुर आले | ➢ विद्यालय खत्तम भयो । सक्नेले विदेशमा लगेर पनि बच्चा पढाउँछन् । विपन्नले पढाउने स्कुल पनि राम्रो बनाइयोस् ।<br>➢ लखन थापा भ्यू टावर बनेको छ । तर प्रयोग भएको छैन । यसलाई पर्यटकीय क्षेत्र बनाउन वडा र पालिकाले अलि विशेष जोड दिनुपऱ्यो । | ➢ विद्यालय खत्तम भएको अभिभावकको कारण पनि हो । अभिभावक शिक्षक र विद्यालयको त्रिपक्षीय योगदान हुनुपर्छ । अहिले शिक्षक र अभिभावकबीच दरार आएको छ । सबैले खोजी गरौं ।<br>➢ यसलाई पर्यटकीय क्षेत्र बनाउनुपर्छ भनेर पालिकाले पहल गरेकै छ । १ र २ नम्बरले संरक्षण र व्यवस्थित गर्नुपर्छ । रंगरोगन भर्खर गरेका छौं । पानी पनि व्यवस्था हुँदैछ । एउटा होटल व्यवसाय चल्न थाल्यो भने राम्रो हुन्छ । |
| ११. | कमला अर्याल | ➢ हाम्रो गाउँमा मदिरा र जुवातास बढी भयो । नियन्त्रणमा कसैले काम गरेनन् । रोक्ने अभियान चलाइदिनुपऱ्यो । | ➢ यो गाउँबाटै रोक्ने हो । महिलाहरु बढी प्रयास गर्नुपर्छ । पालिका तपाईंहरुको साथमा छ । |
| १२. | सिर्जना नेपाली | ➢ वडा नम्बर १ को विकास सबैभन्दा पछाडि परेको छ । टुक्रे योजना बढी भयो, देखिने | ➢ टुक्रे योजना नहालौं भनेर कार्यपालिकामा सँधै बहस गर्ने मैले हो । तर योजना माग |

| | | | |
|---|---|---|---|
| | | काम भएको छैन । योजना छैन भने छ, छ भने पैसा छैन ।<br>➢ लुँदीखोला पुल सँधै हात्ति आयो हात्ति आयो फुस्सा जस्तो भएको छ । | गर्दा यस्तै भएको छ । टुक्रे माग गर्छन् । अब ठूला योजना मागौं ।<br>➢ हामी सबै एकजुट नभएसम्म पुल बन्दैन । सबैतिर एकैपटक बनाउन खोज्ने होइन, प्राथमिकताको आधारमा बनाउन पहल गरौं । |
| १३. | तिलकुमारी गुरुङ | ➢ दिप्लिङमा पहिला पैसा आयो जग्गा नभएर भवन बनाउन सकिएन । अहिले जग्गा पाइयो, बजेट पाइएको छैन । अब भवन बनाउने बजेट विनियोजन गरियोस् । | ➢ तपाईंको माग सुनुवाइ भएको छ। आगामी वर्ष सक्दो प्रयास गर्छौं । तर भवन निर्माणमा कम प्राथमिकता दिनुपर्ने भएको छ । |

**लिखित प्रश्न र जवाफ**


१) हरेक वर्षको हिउँदे अधिवेशनबाट वडामा बजेट छुट्याउँथ्यो । यो वर्ष पैसा नआएको हो कि खबर नपाएको हो? पालिकाले जवाफ दिनुपर्‍यो ।
२) आठ पालिकामा वडाले उठाएको राजस्वको ५० %. सम्बन्धित वडामै पठाइने गर्दो रहेछ । हाम्रो पालिकामा यस्तो व्यवस्था छ कि छैन ?

**उत्तर १:** मन्दीका कारण हिउँदे अधिवेसनबाट बजेट विनियोजन गरेका छैनौं । त्यसैले यो वडामा पनि आएको छैन ।

**उत्तर २:** ५० प्रतिशतका दरले हिसाव गरेर पठाउनु उचित हुँदैन । कुनै वडामा स्रोत कम र कुनैमा बढी हुन सक्छ । बढी उठाउनेले बढी माग्नु अस्वभाविक होइन । तर त्यसो गर्न सकिँदैन ।

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनमा उठाइएका प्रश्न र जवाफ**

**खानेपानीका क्रमागत योजनाहरु अलपत्र छन्:**

हामीले पटक पटक प्रदेश सरकारसँग अनुरोध गरेका छौं । अर्को वर्षको बजेटमा सबै योजना सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्छौं भनेर प्रतिबद्धता जनाएका छन् । अर्को वर्ष पूरा होला ।

**ढुंगागाडेदेखि घैरुङसम्मको पीच सडक पहिरोले क्षतविक्षत बनायो, अहिलेसम्म पनि मर्मत सम्भार भएको छैन:**


हाम्रो स्रोतले यो सडक मर्मत सम्पन्न गर्न सम्भव भएन । प्रदेशलाई भनेका छौं । डेढ करोड भन्दा बढी रकम लाग्ने देखिएको छ । बजेट आयो भने मर्मत हुन्छ । माथिल्लो सरकारको ध्यानाकर्षण गराइएको छ ।

**सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रदेश सरकारका प्रतिनिधि पनि बोलाउनुपर्‍यो:**
सुझाव राम्रो छ । आगामी कार्यक्रममा खबर गर्छौं । सहभागी गराउने प्रयास रहन्छ ।
**एक पालिका एक उद्योग ग्राम के भैरहेको छ ?:**
जग्गा प्राप्तिमै अल्झिएको छ । बजेट पनि पर्याप्त पाइएको छैन । गोरखकाली गुठीको जग्गा दिनुस् भनेर सिफारिस गरिएको छ ।
**नवप्रबर्द्धन कार्यक्रमको पैसा फिर्ता गएको भन्ने सुनिएको छ:**
समयमा काम हुन सकेन । आर्थिक वर्षको अन्त्यतिर बजेट आयो । काम नभएपछि रकम फिर्ता भएको साँचो हो ।
**अपांगता भएका व्यक्तिहरुको पुनः अध्यावधिक कार्यक्रम सुरु गर्नुपर्‍यो:**
निकै सान्दर्भिक विषय उठान गरिएको छ । पहिले दुरुपयोग पनि भएको रहेछ । अहिले दुरुपयोग भएको छैन । अध्यावधिक गर्दा हामी डाक्टर सहितको टोली घरमै पुगेर नवीकरण र नयाँ कार्ड वितरण गरेका छौं । तलमाथि भएको छ ।
**भूमिहीन दलित सुकुम्बासीहरुलाई लालपुर्जा वितरण कहिले हुन्छ ?:**
अहिले पनि नयाँ पदाधिकारी नियुक्त भएर काम अघि बढेको छ । वडा नम्बर ४ मा जग्गा नापजाँच पनि गरिएको छ । अब धेरै समय नलाग्ला ।
**स्थानीय कर तिर्नुपर्ने भएपछि योजनाका काममा समस्या भयो:**
महालेखाले पनि स्थानीय कर लिनुपर्ने अनिवार्य व्यवस्था गरिदिएको छ । पटक पटक बेरुजु लेखेपछि हामीले कर लिन थालेका छौं । यो कानूनी व्यवस्था हो, सबैले तिर्नुपर्छ ।
**बर्खाको सिजन सुरु हुँदैछ, विपद्को पुर्व तयारी के छ ?:**
पालिकाले आफ्नो हैसियत अनुसार तयारी गरेको छ । जनताहरु पनि सचेत हुनुपर्‍यो । विपद्को क्षति सबैभन्दा पहिला नागरिकले भोग्ने हो । नागरिक सचेत भए क्षति कम गर्न सकिन्छ ।
**प्रदेश सरकार अन्तर्गतका कार्यालय प्रमुखहरुले आफै योजना दिएर ठेक्काको काम गर्दै आएका छन्:**
प्रश्न आएपछि सम्बन्धित निकायमा ध्यानाकर्षण गराऔंला । प्रदेश सरकारलाई पनि यसबारे जानकारी पठाउछौं ।
**प्रदेश कार्यालयहरुले सुरुमा १५-२० लाखको योजना छनोट गर्ने अनि करोडको काम गराएका छन्:**
यो समस्या हाम्रै पालिकामा पनि छ । नागरिकहरुले गुनासो गरेका छन् । अब त्यसो नगर्नुस् भन्छौं ।
**पालिकामा भएका सरकारी सवारी साधनको दुरुपयोग भएको छ:**
त्यस्तो भएको छ भने सीधै फोन गरेर तत्कालै जानकारी गराउनुस् । अफिसियल कामका लागि गएको हुन सक्छन् । हाम्रा प्राविधिकहरु अनुगमन र कामको शिलशिलामा फिल्डमा हुन्छन् । त्यतिबेला सवारी साधन प्रयोग गर्नैपर्‍यो । अनावश्यक रुपमा लिएर हिडेको भए खबर गर्नुस्, एक्सन लिन्छौं ।
**स्वास्थ्यका कर्मचारीहरु घाउ सफा गरेको फोटो हालेर सेवा नै धर्म हो भन्दै सामाजिक सञ्जालमा पोष्ट गर्छन्:**
यो नराम्रो त होइन होला । सापेक्ष रुपमा हेर्नुपर्छ । तरपनि उहाँहरुलाई सचेत गराउछौं ।
**पालिकाबाट योजना कार्यान्वयनको चरणमा श्रमदान नामको मात्रै भयो:**
श्रमदान अहिले सबैभन्दा बढी वडा नम्बर ४ मा उत्कृष्ट हिसावले प्रयोग भएको छ । अन्यत्र नाममात्रैको भएको छ । श्रमदान पालिकाले गर्ने होइन, जो उपभोक्ता हो उसैले गर्नुपर्छ । वडाध्यक्ष र सदस्यज्यूहरु पनि यसमा लाग्नुहोला । योजना हाम्रै लागी हो भन्ने धारणा उपभोक्तामा स्थापित गराउनुपर्छ । श्रमदान गरे योजनामा अपनत्व पनि हुन्छ ।
**मनकामनामा दिनदिनै उपभोक्ता र भक्तालुहरु ठगिएका छन्:**
अनुगमन त गरेका छौं । अनुगमन गएपछि केहीदिन मुल्य मिलाउँछन् । त्यसपछि उही चाल हो । सकेको नियन्त्रण गर्न प्रयास गरिएको छ । नागरिक पनि अब जागरुक हुनुपर्छ ।
**मनकामनामा बनाउने भनेको ल्याण्डफिल साइट फेरि विवादित भएको छ:**
संघीय सरकारको बजेट हो । ठेक्का सम्झौता भैसकेको छ । अहिले आएर समस्या देखिएको छ । मनकामनाको फोहोर व्यवस्थापन जटिल भएपछि योजना माग गरेको हो । आइईई पनि गरेका छौं । सबै प्रक्रिया पूरा भएको छ । पछिल्लो समय ठेकेदार फिल्डमा खटिएको अवस्थामा स्थानीय रुपमा अवरोध भएको छ । कार्यपालिकामा सहजीकरण समिति बनेको छ । पोहोरपनि ८० लाख विनियोजन भएको थियो । सल्टाउने प्रयासमा छौं ।
**लुदीखोलाको भट्टफाँटमा पुल निर्माणको डीपीआर तयार भैसकेको लामो समय भयो:**
पुल निर्माणमा स्थानीयहरुबीचमै विवाद भयो । कोही पुल बन्नुपर्छ भनेर डेलिगेसन जाने, कोही बन्न हुँदैन भनेर जाने । पहिला यहाँका उपभोक्ता नै एकजुट भए पुल बन्छ ।

**सहायक र वडा सचिवबीच समन्वय छैन:**
त्यस्तो समस्या छैन । समन्वयमा नै काम भैरहेको छ । कतै भएको रहेनछ भने समन्वय गर्छौं ।
**करार कर्मचारी मनलाग्दी विदा बस्छन्:**
कानूनले दिएको विदा अधिकार बाहेक बढी विदा बसेका छैनन् । बसेकाहरुको सुविधा कटौति भएको छ । अध्यावधिक गरिएको छ ।
**बक्राङको सिकाइ केन्द्रको अधिवेसन कहिले हुन्छ ?:**
अधिवेसन भएको छैन । गुनासो पटक पटक आएको छ । अब अधिवेसनको तयारी गर्नुस् । छिटो अधिवेसन गरेर संस्थालाई जिम्मेवार बनाउन निर्देशन दिन्छु । तुरुन्त अधिवेसन गरेर वडा र पालिकालाई खबर गर्नुस् ।
**सामुदायिक विद्यालयहरुमा विद्यार्थी भन्दा शिक्षक धेरै छन्:**
पालिकाले राम्रो गर्ने प्रयास गरिरहेको छ । तर अभिभावक पनि सचेत हुनुपर्‍यो । बच्चा लिएर सहर जाँदैमा राम्रो पढाइ हुन्छ भन्ने मानसिकता छ । अभिभावकले बच्चा स्कुलमा पठाए विद्यार्थी भरिन्छन् । विद्यार्थी सहर पठाएपछि स्कुल खाली भैहाल्छ । स्कुल राम्रो बनाउने कुरामा पालिका सिरियस छ ।

## अनुसूची ८

## सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति



समाप्त ।